# पञ्चकन्या गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लाकुरीभञ्ज्याङ, नुवाकोट
बागमती प्रदेश, नेपाल
स्था:२०७३


प.स.२०७९/०८०
च.न.

मिति:- २०७९/०६/२५

**विषय : मोटरसाईकल मर्मत तालिमका लागि आवेदन दिने सम्बन्धी सूचना ।**

यस गाउँपालिकाको आ. ब. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम मोटरसाईकल मर्मत तालिम सञ्चालन गर्नका लागि ईच्छुक १८ देखि ४५ वर्ष सम्मका सहभागीहरुलाई देहायवमोजिम तोकिएको शर्तहरुको अधिनमा रहि मोटरसाईकल मर्मत तालिमका लागि यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र कार्यलयमा आवेदन दिनुहुनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

देहाय :

१) तालिम पश्चात अनिवार्य व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

२) तालिममा छनौट भई मनासिव कारण विना तालिममा सहभागी नहुनेको विवरण अभिलेख गरि भविष्यमा गाउँपालिकाबाट सञ्चालन हुने कुनै तालिम तथा कार्यक्रममा सहभागी गराईने छैन ।

३) तालिम लिई व्यवसाय सञ्चालन नगरी छोडेमा तालिममा लागेको सम्पूर्ण खर्च असुल उपर गरिनेछ।

४) तालिमा सहभागी हुनेको छनौट, तालिम केन्द्र र तालिम सञ्चालन गर्ने मिति,समय लगाएतका विषय कार्यलयले तोके बमोजिम हुनेछ ।

५) दरखास्त संकलन पश्चात सहभागीको छनौट हुनेछ ।

६) नेपाली नागरिकता प्रमाणप्रत्रको प्रतिलिपी ,शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र १ थान पासपोट साईज फोटो संलग्न गरि निवेदन दिनुपर्नेछ ।

७) कक्षा ८ वा सो भन्दा माथीको अध्ययन गरेकालाई प्राथमिकता दिईनेछ ।

९) प्रधानमन्त्री रोजगार कार्यक्रम रोजगार सेवा केन्द्रमा बेरोजगार सूचीमा सुचिकृत बेरोजगार लाई प्राथमिकता दिईने छ ।

२०७९/०६/२५

रामणि काफ्ले
प्रमुख प्रशासकीय अधिकृत


Website: www.panchakanyamun.gov.np
Email: panchakanya.ga.pa@gmail.com

# पञ्चकन्या गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लाकुरीभञ्ज्याङ, नुवाकोट
बागमती प्रदेश, नेपाल
स्था:२०७३


प.स.२०७९/०८०
च.न.

मिति:- २०७९/०६/२५

**बिषय : सूचना ।**

यस पञ्चकन्या गाउँपालिकाको आ.व. ०७९/०८० को रोजगार सेवा केन्द्र शाखाको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत व्यवसायिकता विकास सम्बन्धी तालिमको लागि यस गाउँपालिकामा स्थायी वसोवास भएका इच्छुक नागरिकहरुलाई लक्षित गरि कपाल काट्ने(नाई) सम्बन्धी तालिम आयोजना हुने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तालिममा सहभागी हुन आवेदन गर्नुहुन सम्बन्धित सबैलाई यो सूचना प्रकाशित गरिएको छ । तालिममा सहभागिताको लागि पर्न आएका आवेदनहरुको मुल्याकन गरी १० (दश ) जना आवेदकहरुलाई मात्र तालिममा सहभागी गराइने ब्यहोरा समेत जानकारी गराइन्छ । साथै आवेदनको लागि निवेदनको साथमा वडा कार्यालयको सिफारिस, नेपाली नागरिताको प्रमाणपत्रको प्रतिलिपि र २(दुइ) थान पासपोर्ट साइजको फोटो संलग्न गरी पेश गर्नु पर्ने छ ।

२०७९/०६/२५

राममणि काफ्ले
प्रमुख प्रशासकीय अधिकृत

राममणि काफ्ले
प्रमुख प्रशासकीय अधिकृत


Website: www.panchakanyamun.gov.np
Email: panchakanya.ga.pa@gmail.com